## कार्यपालिका वैठकका प्रस्तावहरु (२०७८/१०/०९ गते)

प्रस्ताव नं. १ : गत वैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट प्रभावित क्षेत्र संरक्षणका लागि बजेट माग गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ३ : योजना माग गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ४ : आयुर्वेद औषधालय भवनको डिजाइन परिवर्तन गर्नको लगि अनुरोध गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५ : कभर्ड हल निर्माणको लागि प्रदेश सरकारलाई अनुरोध गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६ : करारमा नियूक्ति गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ७ : नगर चक्रपथ खण्डको सडक मापदण्ड संशोधनको लागि नगर सभामा सिफारिस गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ८ : बालमैत्री सहजकर्ताको पारिश्रमिक सूनिश्चितता सम्बन्धमा।

प्रस्ताव नं. ९ : बाबु आमा बिहिन बालबालिकाहरुलाई आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० : एम.आइ. यस. अपरेटर र फिल्ड सहायकहरुको पारिश्रमिक साझेदारीको लागि प्रतिबद्धता सम्बन्धमा।

प्रस्ताव नं. ११ : प्रतिक्षालय निर्माणका लागि बजेट विनियोजन सम्बन्धमा।

प्रस्ताव नं. १२ : स्वास्थ्य चौकी भवन निर्माणका लागि अनुरोध गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १३ : नयाँ सडक ट्र्याक निर्माण सम्बन्धमा।

प्रस्ताव नं. १४ : योजना संशोधन सम्बन्धमा।

प्रस्ताव नं. १५ : मेलम्ची नगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरुको करार म्याद थप गर्ने सम्बन्धमा।

## निर्णयहरु

निर्णय नं. १

मिति २०७८ साल पौष २५ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरुको आजको यस वैठकमा समीक्षा गरियो।

तपसिल

| क्र.सं. | निर्णय भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | मेलम्ची न.पा. वडा नं. ६ स्थित तालामाराङ कोलेचौर मानेभञ्ज्याङ सडक स्तरोन्नती, कोलेचौर मारलीचोक कामीटोल खानेपानी योजना र मेलम्ची न.पा. वडा नं. ८ स्थित भट्टार खोला सुँगुरे सिंचाई योजनामा नपुग बजेट थप गरिएको। | योजना कार्यान्वयनको अवस्थामा रहेको। |
| २ | विशेषज्ञ डाक्टर र एनेस्थेसिया असिस्टेन्टको नियूक्ति तथा सेवा सुविधा सम्बन्धमा। | कार्यपालिकाको निर्णय बमोजिम अपरेसन सहितको प्रशुती सेवाको लागि विशेषज्ञ डाक्टर र एनेस्थेसिया असिस्टेन्टको नियूक्ति गरि कार्य शुरु भएको। |
| ३ | नेपाली सेनाको ब्यारेक चोक देखि नेपाल विद्युत प्राधिकरण हेलम्बु मेलम्ची वितरण केन्द्रसम्मको सडक स्तरोन्नती सम्बन्धमा। | सडक स्तरोन्नतीको लगि निर्णय बमोजिम पत्राचार गरिएको। |
| ४ | योजना संशोधन सम्बन्धमा। | निर्णय अनुसारको योजना संशोधन भई सम्झौता समेत भई कार्य प्रक्रिया अगाडि बढेको। |
| ५ | अक्सिजन प्लान्ट संचालनको लागि ट्रान्सफर्मर खरिद सम्बन्धमा। | निर्णयानुसार कार्य गरिएको। |
| ६ | एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन प्रस्तावित कार्यढाँचा, २०७८ स्वीकृत सम्बन्धमा। | एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन प्रस्तावित कार्यढाँचा, २०७८ स्वीकृत गरिएको। |
| ७ | प्राविधिक पदहरुमा पदपूर्ति समितिबाट गरिएको सिफारिस अनुमोदन सम्बन्धमा। | सिफारिस अनुमोदन गरिएको। |
| ८ | आ.व. २०७९/०८० का लागि प्रदेश तथा | कार्यपालिकाको निर्णयानुसार समपुरक तथा विशेष |

| | | |
|---|---|---|
| | संघीय सरकारमा समपुरक तथा विशेष अनुदान माग गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा | अनुदानका लागि योजना छनौट गरी राष्ट्रिय योजना आयोगमा सिफारिस गरी पठाइएको। |
| ९ | भारी सवारी चालक पदमा ज्यालादारीबाट गरिएको पदपूर्ति अनुमोदन गर्ने सम्बन्धमा। | पदपूर्ति भई कार्य भैरहेको। |
| १० | बालमैत्री वडा घोषणा सम्बन्धमा। | नगरस्तरीय बाल कल्याण समितिमा छलफलका लागि जानकारी गराइएको। |
| ११ | विभिन्न कार्यक्रम संचालनको लागि बजेट व्यवस्था सम्बन्धमा। | आमा हयोल्मो बसपार्क आसपासको बस्ती ढल तथा नाली व्यवस्थापन, मेनपा ११, लि:ल घले ल्होसार पर्व (लि:ल फङ्ग घले समाज) मेनपा ११ र रक्तकाली आधारभूत विद्यालय खानेपानी व्यवस्थापन, मेनपा ९ को योजनाको लागि बजेट विनियोजन गरी सम्झौताको लागि सम्बन्धित वडा कार्यालयमा जानकारी गराइएको। |
| १२ | ज्येष्ठ नागरिक मिलन केन्द्रको भवन निर्माण | प्रक्रियामा रहेको। |
| १३ | नयाँ सडक ट्रयाक निर्माणका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा। | नयाँ सडक ट्रयाक निर्माणका लागि सिफारिस गरिएको। |
| १४ | क्रसर प्रभावित योजनाहरुको लागि बजेट व्यवस्थापन सम्बन्धमा। | बजेट रकमान्तर गरी योजना सम्झौताको प्रक्रिया अगाडि बढेको। |
| १५ | आ.व.२०७७/०७८ को स्वमूल्याङ्कन अंङ्क स्वीकृत गरी सिफारिस गर्ने सम्बन्धमा। | स्वमूल्याङ्कन अंङ्क निर्धारण गरी पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाइएको। |

निर्णय नं. २

मेलम्ची तथा ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको विनाशकारी बाढीबाट यस नगरपालिका क्षेत्र भित्रका नदी किनारमा रहेका सडक, बस्ती, भौतिक संरचना र सार्वजनिक तथा व्यक्तिका जग्गा जमिनहरु पूर्ण रुपमा क्षति भएकोले मेलम्ची बाढी प्रभावित क्षेत्र संरक्षण गर्नका लागि यस क्षेत्रको ढुङ्गा, गिटी बालुवा लगायत नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने आन्तरिक राजस्व मध्ये प्रदेश सरकारलाई बाँडफाँड गर्नुपर्ने रकमबाट सोही क्षेत्रको मेलम्ची बाढी प्रभावित क्षेत्र संरक्षण योजनाको लागि प्राविधिक लागत इष्टिमेट बमोजिम रु. ११,४३,४६,२५६।२७ (अक्षरुपी एघार करोड त्रिचालिस लाख छयालिस हजार दुई सय छपन्न रुपैयाँ पैसा सत्ताइस मात्र) बजेट आवश्यक पर्ने भएको हुँदा उक्त प्राविधिक लागत अनुमान बमोजिमको बजेट व्यवस्था गरी योजना कार्यान्वयनको लागि बागमती प्रदेश सरकार, हेटौंडा, मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ३

मेलम्ची नगरपालिका वडा नं. १० स्थित मेलम्ची अँधेरीखोला देखि रामपुर घाटसम्मको सडक मेलम्ची तथा ईन्द्रावती नदीमा आएको भिषण बाढीको कारण कटान भई मेलम्ची देखि पाँचपोखरी थाङपाल गाउँपालिकासम्मको यातायात संचालन गर्न कठिनाई उत्पन्न भएको हुँदा उक्त सडक निर्माण गर्नको लागि सडक विभाग, ललितपुर तथा सडक डिभिजन कार्यालय, चरिकोट, दोलखालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ४

मेलम्ची नगरपालिका वडा नं. ११ मा शहरी विकास तथा भवन डिभिजन कार्यालय, रामेछापबाट निर्माणको प्रक्रियामा रहेको आयुर्वेद औषधालय भवन हुँदै मेलम्ची नगर अस्पतालसम्म बिरामी बोक्ने एम्बुलेन्स लगायतका सवारी साधन अनिवार्य रुपमा संचालन गर्नुपर्ने अवस्था रहेको र भवन निर्माण पश्चात उक्त सडकको क्षेत्राधिकार अत्यन्त कम भई बिरामी बोक्ने यातायातका साधनहरु संचालन गर्न कठिनाई तथा अवरोध हुने भएकोले उक्त निर्माणको चरणमा रहेको आयुर्वेद भवनबाट मेलम्ची नगर अस्पताल (मेलम्ची प्राथमिक स्वास्थ्यक केन्द्र) सम्म पुग्ने बाटो कायम हुने गरी भवनको स्वीकृत नक्सा तथा ले आउट संशोधन गरिदिनको लागि शहरी विकास तथा भवन डिभिजन कार्यालय, रामेछापलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ५

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची खानेपानी विकास समितिको नाममा रहेको कि.नं. ८३० क्षे.फ. २–१५–२–१ (नक्शा बमोजिम) मा मेलम्ची खानेपानी विकास समितिबाट स्वीकृति लिई कबर्ड हल निर्माण प्रक्रिया अगाडि बढाउनको लागि बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ६

मेलम्ची नगरपालिका कार्यालयमा विगत लामो समय देखि दैनिक ज्यालादारीको रुपमा तलब भत्ता प्राप्त गर्ने गरी सव इन्जिनियर पदमा कार्यरत सुजन श्रेष्ठको कार्य सम्पादन सन्तोषजनक रहेको हुँदा निजलाई यस कार्यालयमा रिक्त सव इन्जिनियर पदमा करार सेवामा नियूक्ति गरी कामकाज लगाउने निर्णय गरियो।

निर्णय नं. ७

मेलम्ची नगरपालिकाबाट नगर चक्रपथ सडकको लागि निर्धारण गरिएको सडक मापदण्ड (ROW) बाट नगर चक्रपथ खण्ड भित्र बसोबास गर्ने नगरवासीहरुले स्वीकृत सडक मापदण्डको कारण स्थायी आवास निर्माण गर्न कठिनाई भई उक्त क्षेत्रबाट अन्यत्र विस्थापित हुन पुगेकोले स्वीकृत सडक मापदण्ड संशोधनको लागि सम्बन्धित सरोकारवाला नगरवासीहरुबाट निवदेन प्राप्त भएको सन्दर्भमा सडक मापदण्डबाट प्रभावितहरुको अनुरोधलाई मध्यनजर गर्दै नगरपालिका क्षेत्र भित्र निर्माण भएका र निर्माण हुने नगर चक्रपथ सडकको मापदण्ड २० मिटरबाट घटाई सडक Right Of Way (RoW) १५ मिटर र सेड ब्याक १.५ मिटर कायम हुने गरी मापदण्ड संशोधन गर्नको लागि आगामी नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ८

मेलम्ची नगरपालिका भित्रका वडाहरुलाई बालमैत्री वडा निर्माण गर्न शक्ति समूह र मेलम्ची नगरपालिकाको साझेदारीमा पारिश्रमिक बेहोर्ने गरी मेलम्ची नगरपालिका वडा नं. ५ स्थायी निवासी श्री केशब पौडेललाई बालमैत्री सहजकर्ताको रुपमा कामकाज गर्नको लागि नियूक्ति गरिएकोमा निजको सम्झौता म्याद समाप्त भएको र नगरपालिका भित्रका वडाहरुलाई बालमैत्री वडा घोषणा गर्न बाँकी रहेको अवस्थामा निज बालमैत्री सहजकर्तालाई नगरपालिकाको आन्तरिक श्रोतबाट साविक बमोजिम सहायक पाँचौं तहले प्राप्त गर्ने पारिश्रमिक बेहोर्ने गरी मिति २०७९ असार मसान्तसम्मका लागि करार सम्झौता गरी कामकाज लगाउने निर्णय गरियो।

निर्णय नं. ९

मेलम्ची नगरपालिका क्षेत्रमा बसोबास गर्दै आइरहेका देहाय बमोजिमका बालबालिकाहरुको लागि बाल संरक्षण कोषमा प्राप्त ब्याजबाट खर्च हुने गरी प्रति व्यक्ति मासिक रु. २०००।– का दरले आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | बालबालिकाको नाम, थर | हाल बसोबास गरेको ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | दिलराज नेपाली | जितपुर बारा ठेगाना भई हाल मेलम्ची न.पा. ६ | बाबु आमा दुबै जना सम्पर्क बिहिन अवस्थामा रहेको |
| २ | मञ्जु नेपाली | पाँचपोखरी थाङपाल गा.पा. ठेगाना भई हाल मेनपा ६ | मामा घरमा आश्रय लिइ बसेको |
| ३ | बिनोद नेपाली | पाँचपोखरी थाङपाल गा.पा. ठेगाना भई हाल मेनपा ६ | मामा घरमा आश्रय लिइ बसेको |
| ४ | देउ कुमार नेपाली | मेलम्ची न.पा. ९ | बाबुको मृत्यु भएको र आमा बेपत्ता भएको। |
| ५ | कमल पण्डित | हेलम्बु गाउँपालिका | आमाको मृत्यु भएको र बाबु सम्पर्कमा नरहेको र हाल मेनपा ६ स्थित मामाको घरमा आश्रय लिइ बसेको। |

निर्णय नं. १०

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं.१२०४ मिति २०७८/०९/२७ को पत्रबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस नगरपालिकाको सेवा इकाईमा कार्यरत एम.आइ. यस. अपरेटर र फिल्ड सहायकहरुको लागि आ.व. २०७८/०७९ मा सेवा इकाईमा कार्यरत जनशक्तिको पारिश्रमिक रकमको आधा रकम अर्थात छ महिना बराबर हुन आउने बजेट साझेदारीका लागि अनुरोध भई आएकोमा अनुरोध भई आए बमोजिम उक्त जनशक्तिको लागि बजेट साझेदारीका लागि प्रतिबद्धता गर्ने निर्णय गरियो।

निर्णय नं. ११

मेलम्ची नगरपालिका वडा नं. १० र १२ जोड्ने माइटर झोलुङ्गे पुलको वडा नं. १२ स्थित सडक क्षेत्रमा यात्रु प्रतिक्षालय निर्माण गर्न आवश्यक भएको हुँदा उक्त क्षेत्रको माइटर वनमा यात्रु प्रतिक्षालय निर्माण गर्न विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु. १,००,०००।– (अक्षरुपी एक लाख रुपैयाँ मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १२

मेलम्ची नगरपालिका वडा नं. १३ स्थित ठाँटीमा स्वास्थ्य चौकी भवन निर्माण गर्न आवश्यक भएको हुँदा उक्त स्वास्थ्य चौकी भवन निर्माण गर्नको लागि बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १३

मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका सडकहरुको नयाँ सडक ट्र्याक निर्माण गर्नको लागि अनुरोध भई आएको हुँदा उक्त स्थानहरुमा सडक ट्र्याक निर्माण गर्न प्राविधिक अध्ययन गराई प्राविधिक प्रतिवेदनको आधारमा नयाँ सडक ट्र्याक निर्माण गर्न अनुमतिका लागि आगामी वैठकमा पेश गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | अनुमतिको माग गरिएको सडकको विवरण | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | रयाले कान्ले कवासे मोटर बाटो | मेनपा ११ | |
| २ | आरुखर्क धितालटोल मोटर बाटो | मेनपा ११ | |
| ३ | पुरानागाउँ जागेश्वरी कृषि सडक | मेनपा ११ | |
| ४ | गुफा देखि पातालसम्मको सडक | मेनपा १ | |

निर्णय नं. १४

मेलम्ची नगरपालिकाको नगर सभाबाट बजेट विनियोजन भएका देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बजेट रु. | क्र.सं. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|---|
| १ | कात्तिके धुसेनीचौर गौरीश्वर महादेव मन्दिर , मेनपा ११ | ५०००००।– | १ | कात्तिके धुसेनीचौर गौरीश्वर महादेव मन्दिर बाटो स्तरोन्ती, मेनपा ११। | ५०००००।– |
| २ | भदौरे खहरे मोटर बाटो निर्माण, मेनपा ५ | २०००००।– | २ | भदौरे मोटर बाटो निर्माण, मेनपा ५ | २०००००।– |

निर्णय नं. १५

मेलम्ची नगरपालिका र अन्तर्गत स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुको कार्य सम्पादन सन्तोषजनक पाइएकोले हाललाई मिति २०७९ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

मेलम्ची नगरपालिकाको कार्यालयमा करारमा

कार्यरत कर्मचारीहरुको विवरण

| क्र स. | पद | नाम थर | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | का. स. | अमृत तामाङ | स्वास्थ्य | |
| २ | कार्यालय सहयोगी | अमृता चौलागाई | वडा | |
| ३ | प्रशासन सहायक (प्र.चौथो) | अम्बिका डोटेल | केन्द्र | |
| ४ | सूचना प्रविधि अधिकृत(छैठौ) | अर्पना श्रेष्ठ | केन्द्र | |
| ५ | अधिकृतस्तर छैठौ | इच्छाराम सापकोटा | केन्द्र | |
| ६ | अ.न.मी. | अस्मिता तामाङ्ग | स्वास्थ्य | |
| ७ | का. स. | आइतरानी तामाङ्ग | स्वास्थ्य | |
| ८ | फिल्ड सहायक | आइमान तामाङ्ग | केन्द्र | |
| ९ | हे.अ. | आलोक खनाल | स्वास्थ्य | |
| १० | हे.अ. | आशा देउजा | स्वास्थ्य | |
| ११ | प्रशासन सहायक(प्र. चौथो) | उद्धव गुरुङ | वडा | |
| १२ | प्रशासन सहायक(प्र. चौथो) | उमेश कुमार घोरासैनी | वडा | |
| १३ | अ.हे.व | उषा तामाङ | स्वास्थ्य | |
| १४ | का.स. | कमली तिवारी | स्वास्थ्य | |
| १५ | उद्योग विकास सहजकर्ता | कल्पना जिम्बा | केन्द्र | |
| १६ | अ.न.मी. | कुशुम बोहोरा | स्वास्थ्य | |
| १७ | एमआइएस अपरेटर | गिता चौलागाइ | केन्द्र | |
| १८ | अ.न.मी. | गोमा कार्कि | स्वास्थ्य | |
| १९ | कार्यालय सहयोगी | गोविन्द्र गिरी | वडा | |
| २० | का.स. | गौरी के.सी. | स्वास्थ्य | |
| २१ | नायव पशु स्वास्थ्य प्राविधिक | चेत प्रसाद घोरासैनी | केन्द्र | |
| २२ | हलुका सवारी चालक | जगत बहादुर अधिकारी | केन्द्र | |
| २३ | कार्यालय सहयोगी(श्रेणी विहिन) | जज्ञ प्रसाद दुलाल | केन्द्र | |
| २४ | कम्पूटर/प्रशासन सहायक(प्र. पाँचे | जयराम घोरासैनी | केन्द्र | |

| | | | | |
|---|---|---|---|---|
| २५ | इन्जिनियर(प्रा.छैठौं) | जीत बहादुर कार्की | केन्द्र | |
| २६ | अ.हे.व | जीवन कुमार खाती | स्वास्थ्य | |
| २७ | का.स. | जुनुमाया तामाङ्ग | स्वास्थ्य | |
| २८ | कार्यालय सहयोगी(श्रेणी विहिन) | टिकादत्त दुलाल | केन्द्र | |
| २९ | कार्यालय सहयोगी | डिल्ली प्रसाद सिग्देल | वडा | |
| ३० | कार्यालय सहयोगी | डोल कुमारी तामाङ | वडा | |
| ३१ | का.स. | तिलकुमारी दुलाल | स्वास्थ्य | |
| ३२ | कार्यालय सहयोगी | तुलकुमारी धिताल | वडा | |
| ३३ | अ.स.ईञ्जि. सहायक चौंथो (प्रा) | दिनेश सिग्देल | वडा | |
| ३४ | नायव पशु विकास सहायक(प्रा.चौथ | दिपक थापा | केन्द्र | |
| ३५ | अ.हे.व | दिपा नेपाल | स्वास्थ्य | |
| ३६ | कार्यालय सहयोगी | दिलिप तामाङ | वडा | |
| ३७ | हलुका सवारी चालक | दुर्गा गिरी | केन्द्र | |
| ३८ | हे.अ./सि.अ.हे.व | नितु कुमारी | स्वास्थ्य | |
| ३९ | अ.हे.व | निरमाया तामाङ्ग | स्वास्थ्य | |
| ४० | का.स. | निर्मला बि.क. | स्वास्थ्य | |
| ४१ | प्राविधिक सहायक(शि.पाँचौ) | निशा बराल | केन्द्र | |
| ४२ | नायव पशु विकास सहायक(प्रा.चौथ | पविन गिरी | केन्द्र | |
| ४३ | अ.स.ईञ्जि. सहायक चौंथो (प्रा) | पार्वती कुमारी खनाल | वडा | |
| ४४ | अ.हे.व | प्रतिज्ञा तामाङ | स्वास्थ्य | |
| ४५ | का.स. | बालासुन्दर थापा | वडा | |
| ४६ | का.स. | बिमला घोरासैनी | स्वास्थ्य | |
| ४७ | एमआइएस अपरेटर | माधव दुलाल | केन्द्र | |
| ४८ | अ.न.मी. | मिना श्रेष्ठ | स्वास्थ्य | |
| ४९ | हे.अ./सि.अ.हे.व | मोनिका अर्याल | स्वास्थ्य | |
| ५० | डोजर अपरेटर(श्रेणी विहिन) | युवराज गिरी | केन्द्र | |
| ५१ | रोजगार संयोजक | रन्जन श्रेष्ठ | केन्द्र | |
| ५२ | का.स. | रन्जना गिरी | स्वास्थ्य | |
| ५३ | अ.हे.व | रबिना राउत | स्वास्थ्य | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | ना.प्रा.स.कृषि | रमा लामिछाने | केन्द्र | |
| ५५ | अ.न.मी. | रमिता तामाङ्ग | स्वास्थ्य | |
| ५६ | हे.अ. | रमिता लामा | स्वास्थ्य | |
| ५७ | का.स. | रमेश प्रसाद चौलागाई | वडा | |
| ५८ | हलुका सवारी चालक | राजु दुलाल | केन्द्र | |
| ५९ | ट्रिपर चालक(श्रेणी विहिन) | रामचन्द्र सापकोटा | केन्द्र | |
| ६० | का.स. | रामप्रसाद दुलाल | स्वास्थ्य | |
| ६१ | अ.हे.व | रिता तामाङ | स्वास्थ्य | |
| ६२ | अ.हे.व | रेणुका पण्डित | स्वास्थ्य | |
| ६३ | का. स. | लक्ष्मि गिरी | स्वास्थ्य | |
| ६४ | कार्यालय सहयोगी(श्रेणी विहिन) | वाटु दुलाल | केन्द्र | |
| ६५ | हे.अ./सि.अ.हे.व | विजयलक्ष्मी पण्डित | स्वास्थ्य | |
| ६६ | सव इन्जिनियर(प्रा.पाँचौ) | शंकर गिरी | केन्द्र | |
| ६७ | अ.न.मी. | शर्मिला थापा | स्वास्थ्य | |
| ६८ | अ.न.मी. | शारदा ओलिया | स्वास्थ्य | |
| ६९ | अ.स.ईञ्जि. सहायक चौंथो (प्रा) | शिर बहादुर दोङ्ग | वडा | |
| ७० | कार्यालय सहयोगी(श्रेणी विहिन) | शिव बहादुर थापा | केन्द्र | |
| ७१ | ना.प्रा.स. कृषि | शोभा चालिसे | वडा | |
| ७२ | प्राविधिक सहायक | सन्तोष थापा | केन्द्र | |
| ७३ | अ.न.मी. | सम्झना बञ्जरा | स्वास्थ्य | |
| ७४ | अ.हे.व | सरला दुलाल | स्वास्थ्य | |
| ७५ | हे.अ./सि.अ.हे.व | सरिता चौलागाईं | स्वास्थ्य | |
| ७६ | पोषण सहजकर्ता | सरिता डोटेल ढुङ्गाना | केन्द्र | |
| ७७ | उद्योग विकास सहजकर्ता | सरिता सुनार | केन्द्र | |
| ७८ | अ.न.मी. | सिता चौलागाईं | स्वास्थ्य | |
| ७९ | वातावरण अधिकृत(प्र.छैठौ) | सुजन दुलाल | केन्द्र | |
| ८० | अ.न.मी. | सुनिता अधिकारी | स्वास्थ्य | |
| ८१ | का.स. | सुनिता तामाङ्ग | स्वास्थ्य | |
| ८२ | कार्यालय सहयोगी | सुमित्रा अधिकारी | वडा | |

| | | | | |
|---|---|---|---|---|
| ८३ | का.स. | सुरेश बहादुर तामाङ | स्वास्थ्य | |
| ८४ | अमीन(प्रा.चौथो) | सुरेश नेपाल | केन्द्र | |
| ८५ | अ.न.मी. | स्नेहा तामाङ्ग | स्वास्थ्य | |